कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २५ | वि.सं. २०८१ बैशाख २६ बुधवार | नेपाल संवत: ११४४, वैशाख कृष्ण औंसी | Wednesday 8 May. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## यार्सा टिप्ने ७४ जनालाई जरिवाना

**युग संवाददाता**
**काठमाडौँ, २५ वैशाख ।**

डोल्पाको पाटन क्षेत्रमा अनुमतिबिना यार्सा टिप्न जाने ७४ जनालाई जरिवाना गरिएको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको कार्यालयले जनाएको छ।

जेठ १० गतेबाट यार्सा संकलन कार्य सुरु गर्ने निर्णय भए पनि लुकिछिपी यार्सा टिप्न पाटन जाँदै गरेका ७४ जनालाई सुरक्षाकर्मी र निकुञ्जका कर्मचारीले भेटिएपछि पक्राउ गरेर जनही २ हजारका दरले जरिवाना गरेर फिर्ता पठाएको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय वरिष्ठ संरक्षण अधिकृत बिश्वबाबु श्रेष्ठले जानकारी गराए। उनका अनुसार अवैध बाटो प्रयोग गरी निकुञ्ज क्षेत्रमा यार्सा टिप्न जाने गरिएको छ।

अधिकृत श्रेष्ठका अनुसार अनुमतिबिना कोही कसैलाई यार्सा टिप्न पाटनतर्फ जान नदिएको र लुकिछिपी यार्सा जानेलाई फेला पारेको खण्डमा पक्राउ गरी सम्झाइबुझाई गरी नियमबमोजिम दण्ड जरिवाना गरेर फिर्ता पठाउने गरिएको छ। यार्सा चोर्ने व्यक्तिलाई नियन्त्रण नगरेमा पछि अनुमति लिएर जाने संकलककर्तालाई घाटा लाग्ने, दुःख हुने निकुञ्जले जनाएको छ।

डोल्पामा जेठ १० बाट यार्सा संकलन कार्य सुरु गर्ने सर्वदलीय निर्णय भएपछि विभिन्न गाउँबस्तीबाट स्थानीय यार्सा भएको क्षेत्रतर्फ जान थालिसकेका छन्। कम हिमपात र खडेरीले गर्दा यो वर्ष डोल्पामा कम यार्सा पाइने वरिष्ठ निकुञ्ज अधिकृत श्रेष्ठको भनाइ छ। डोल्पाका डोल्पूबोध गाउँपालिका, छार्काताङसुङ गाउँपालिका, काइके गाउँपालिका, जगदुल्ला गाउँपालिकालगायत क्षेत्रको ३२ स्थानमा यार्सा पाइने गरेको डिभिजन वन कार्यालयले जनाएको छ।

## ‘बर्खा सुरु नहुँदै भूकम्पपीडितका लागि अस्थायी आवास निर्माण आवश्यक’

**युग संवाददाता**
**काठमाडौँ, २५ वैशाख ।**



कर्णाली प्रदेशका सरकारका मुख्यमन्त्री यामलाल कँडेलले जाजरकोट भूकम्पपीडितका लागि चाँडोभन्दा चाँडो आवास निर्माण जरुरी भएको बताएका छन्। मंगलबार काठमाडौंमा आयोजित दुई दिने दोस्रो ‘नेपाल सेल्टर फोरम’ को छलफलका क्रममा उनले मनसुन नजिकिदै गर्दा पनि कर्णाली प्रदेशका भूकम्पपीडित पालमुनी नै बस्न बाध्यता भएको भन्दै अस्थायी आवास निर्माण छिटो हुनुपर्नेमा जोड दिए।

उनले अस्थायी आवास निर्माणका लागि भूकम्पपीडितले अझै राहत पाउन नसकेको बताए। “केन्द्र, प्रदेश र स्थानीय तहको सहकार्यमा चाँडोभन्दा चाँडो अस्थायी आवास निर्माण अघि बढाउन आवश्यक भइसकेको छ”, उनले भने। अहिले देशभर विभिन्न विपद्का घटना भइरहेको भन्दै उनले त्यसतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिए। “देशका विभिन्न स्थानमा डढेलोको समस्या छ, बर्खामा बाढीको जोखिम पनि उत्तिकै छ। बर्खा सुरु हुँदा पनि भूकम्पपीडितले राहत पाएका छैनन्। के अब बर्खामा चुहिने पालमुनी बसेरै कर्णालीका भूकम्पपीडितले रात बिताउनुपर्ने हो ?”, उनले भने।

मुख्यमन्त्री कँडेलले विपद् व्यवस्थापनका लागि कानुन र नियम सहयोगी नभएको समेत बताए। उनका अनुसार जाजरकोटका केही भूकम्प पीडितले अहिले पनि अस्थायी आवास वापातको ५० हजार पाउन सकेका छैनन्। उनले कर्णाली प्रदेशमा प्रति एक लाखमा पाँच जनाको मृत्यु विपद्का कारण हुने गरेको भन्दै विपद् प्रतिकार्य कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक रहेको समेत बताए।

### सडक पूर्वाधार निर्माणमा फड्को

# राष्ट्रिय सडक सञ्जालमा जोडियो हुम्ला

● नियमित सवारी सञ्चालनमा भने समय लाग्ने



**ओम शाही**
**सुर्खेत, २५ वैशाख ।**

नेपालका ७७ वटै जिल्लाहरुमा सडकको राष्ट्रिय सञ्जाल विस्तार भएको छ। सडको ट्र्याक खोल्न सुरु भएको झण्डै एक दशकपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको हो। भौगोलिक रूपमा कठिन तथा चुनौतीपूर्ण स्थानहरूमा पूर्वाधार निर्माणको जिम्मा लिँदै आएको नेपाली सेनाले हुम्लालाई राष्ट्रिय सडक सञ्जालमा जोडेको हो।

हुम्लाको लालीबगरदेखि दुल्लीकुनासम्मको ११ किलोमिटर कडा चट्टानी पहाडमा सेनाले ट्र्याक खोलेसँगै कर्णाली करिडोर सञ्चालनमा आउने भएको हो। यो काम सेनाले गत चैतमै सके पनि अहिले सडक चौडा पार्ने र ग्रेड मिलाउने काम गरिरहेको छ। यद्यपी हाललाई सडकमा सवारी साधन सञ्चालन भने हुने छैनन्।

ट्र्याक खोलेको खण्डलाई स्तरोन्नति गरी यसै आर्थिक बर्षमा सडक विभागलाई हस्तान्तरण गर्ने गरी काम भइरहेको सैनिक प्रवक्ता एवम् सहायक रथी गौरवकुमार केसीले बताए। ‘अहिले सेनाले जिम्मा लिएको खण्डको ट्र्याक खोल्ने काम भएको छ,’ प्रवक्ता केसीले भने, ‘ट्र्याक खुलेको खण्ड भएर केही टिपर र ट्र्याक्टर सदरमुकाम पुगेका छन्, राम्रोसँग सवारी साधन गुड्न मिल्ने गरी सडक सुधारको काम भइरहेको छ।’

कर्णाली करिडोर अन्तर्गतको लालीबगर-दुल्लीकुना सडकको ट्र्याक खुलेसँगै उत्तरको छिमेकी चीनसँग स्थलमार्गबाट कर्णाली र सुदूरपश्चिम प्रदेश जोडिएका हुन्। सेनाले अहिले काम गरिरहेको लालीबगर-दुल्लीकुना अन्तर्गत पर्ने छहारेदेखि लिप्चेसम्मको भीर सबैभन्दा कठिन हो।

कडा चट्टान फुटाउनका लागि ब्लास्टिङको काम सकेर आठ सय मिटर सडक खण्डको लेबलङिग सेनाले गरिरहेको छ। यस्तै हाल सडक विभागले काम गरिरहेको बोक्चे गौँडा, भी-गौँडा, दुली कुना र याङ्चुका मोड काट्नुका साथै सडकको लेभल मिलाउने जिम्मेवारी पनि सेनाले पाएको छ। यो सडकमा साना सवारी सञ्चालन रहे पनि ठूला सवारी सञ्चालन गर्न कठिन हुने गरेको छ।

कर्णाली करिडोर नेपाल, भारत र चीन जोड्ने त्रिदेशीय सडक हो। भारतसँगको सिमाना लुम्बिनी प्रदेशको बाँके अन्तर्गत जमुनाहदेखि चीनसँगको सिमाना हिल्सासम्मको सडकको दूरी पाँच सय पाँच किलोमिटर पर्दछ। यो सडक बाँकेको जमुनाहदेखि सुर्खेत, कालिकोट, सुदूरपश्चिमको बाजुरा, हुम्ला सदरमुकाम सिमकोट हुँदै चीनको सीमा क्षेत्र हिल्सासम्म पुग्छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट हिल्सा पुग्न चार सय १९ किलोमिटर पार गर्नुपर्ने हुन्छ। कर्णाली करिडोर कालीकोटको नरहरिनाथ गाउँपालिकाको खुलालुदेखि सुरु हुन्छ।

सुदूरपश्चिमको बाजुरा भएर हुम्ला सदरमुकाम सिमकोट हुँदै उत्तरको छिमेकी चीन जोड्ने यो सडकको बाँकी खण्डमा यातायातका साधन सञ्चालन भइरहेका छन्। हुम्ला सदरमुकाम सिमकोटदेखि चीनको सिमाना हिल्सासम्म र कर्णाली करिडोरको बाँकी खण्डमा पनि यातायातका साधन चलिरहेका छन्।

सेनाले कर्णाली करिडोर अन्तर्गत कालीकोटको घाटपारी चौरदेखि बाजुराको झुम्काखोलासम्मको ११ दशमलव पाँच किलोमिटर सडकको चौडा पार्ने काम गरिरहेको छ। यो सडक खण्ड निर्माण भए कर्णाली करिडोर आठ किलोमिटर छोटो हुनेछ। ११ दशमलव पाँच किलोमिटर मध्ये तीन दशमलव पाँच किलोमिटर सडकको ट्र्याक सेनाले खोलेको छ। चालु आर्थिक वर्षमा थप एक दशमलव पाँच किलोमिटर सडकको ट्र्याक खोल्ने लक्ष्य सेनाले राखेको छ।

संघीय सरकारले उत्तरको छिमेकी चीन जोड्ने कर्णाली करिडोरअन्तर्गतको दुल्लीकुना-लालीबगर खण्ड निर्माणको जिम्मा दुई वर्षअघि नेपाली सेनालाई दिने निर्णय गरेको थियो। २०७८ साउनमा सेनाले कर्णाली करिडोर अन्तर्गतको खुलालु-हिल्सा सडकको एक सय २२ किलोमिटर सडक निर्माण सम्पन्न गरेर सडक विभागलाई हस्तान्तरण गरेको थियो।

सल्लीसल्लादेखि सिमकोटसम्मको ५१ किलोमिटर खण्डमध्ये बाँकी खण्डमा ट्र्याक खुलिसकेको छ। हुम्ला सदरमुकाम सिमकोटदेखि हिल्सासम्मको ९४ किलोमिटर

बाँकी ३ पेजमा

## भवन अभावले पढाइ प्रभावित

**युग संवाददाता**
**हुम्ला, २५ वैशाख ।**

हुम्लाको सिमकोट गाउँपालिका-१ दोजामस्थित चाङला हिमाल आधारभूत विद्यालयलाई भवन अभाव भएको छ। भवन अभाव भएपछि बालबाविकासदेखि कक्षा-५ सम्मका विद्यार्थीलाई पढाउन समस्या भएको छ।

विद्यालयका प्रधानाध्यापक राजु लामाले भने, ‘विद्यालयमा एउटै साँघुरो कोठामा दुई फरक फरक कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता छ।’ कक्षा-२ र ३ का विद्यार्थीलाई एउटै कोठामा राखेर पठनपाठन गर्दै आएको बताए। विद्यार्थीले पढाइमा बाधा पुगेको गुनासो गर्ने गरेका उनको भनाई छ।

‘चार र पाँच कक्षाका विद्यार्थीलाई पनि एउटै कक्षामा राखेर पठनपाठन गर्नुपर्ने बाध्यता छ’, प्रधानाध्यापक लामाले भने। विद्यालयसँग ६ कोठामात्रै छन्। एउटामा कार्यालय कक्ष, अर्कोमा बालविकास, एउटामा कक्षा-१ का र अर्कोमा कक्षा २, ३ का र बाँकी रहेको एउटा कोठामा चार र पाँच कक्षाका विद्यार्थीलाई राखेर पठनपाठन गर्दै आएको शिक्षक सञ्जय फडेराले बताए।

एउटै कोठामा फरक फरक कक्षाका विद्यार्थीलाई राखेर पठनपाठन गराउँदा उनीहरूलाई पढाएको कुरा बुझ्न समस्या हुने गरेको शिक्षक फडेराले बताए। विद्यालय भवन निर्माणका लागि स्थानीयवासीलाई सहयोगका लागि आग्रह गरिएको शिक्षक फडेरा बताए।

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।

सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# कर्णाली बदल्ने ‘पोड वे’ बन्न सक्छ !

नेपालको कर्णाली बाहेकका स्थानमा गाली गर्न परो भने तँलाई कर्णालीको पाई परोस् भन्छन । कि त कुनै जिल्ला या प्रदेशको नाम लिएर त्यो ठाउँको कर्णाली भनेर नामाकरण गरेर कर्णालीलाई छुट्टै ढुङ्गे युगका या त छुट्टै ग्रहको काम नलाग्ने स्थान/व्यक्ति भनेर परिभाषित गरेको पाउँछौं हामी । कति पटक सामाजिक सञ्जालमा कर्णालीलाई हेपेको भनेर पनि बहुत बहस हुन्छ। तर यसको पछाडीको रहस्य भनेको पहिलादेखी नै पिछडीएको, गरिव, उद्योग कलकारखाना बिहीन, रोजगारीको लागी कालापहाड गएर २ छाक जोहो गर्ने ठाउँ जहाँ यातायातका साधन जाँदैनन भौगोलिक विकटता छ। भन्ने रुपमा अगुवा भनौदाले परिभाषित गरेर अनुदान र भत्ता खाने बनाएर यो नामाकरण गरेका हुन ।

जसको परिभाषा बदल्न युग बदल्नुपर्ने छ, राम्रोको प्रचार ढिलो र नराम्रोको प्रचार छिटो हुन्छ सत्य कुरा यहि हो। स्वर्गको एकटुक्रा हो कर्णाली भनेर पहिचान गर्न नसक्ने लाचार नेतृत्व भएर यो कुरा बुझाउन गाह्रो भएको हो। मागेर खाने बानी परेका कर्णालीका नेतृत्वले आत्मसम्मानका साथ सानले हामी आफै सक्षम छौं भनेर पहिचान नगरेसम्म कर्णाली यसै भनेर बुझ्छन मान्छेहरु। के कर्णाली गाली गर्न र हेप्न नै प्रयोग हुन लाएक छ त ? स्थान विषेशलाई समेत यसरी हेपाहा प्रवृत्तिले हेर्ने कर्णाली वाहेकका नेपालीले देखे र बुझे सम्झे जस्तै छ त कर्णाली ? कि भने हामीले जसलाई अगुवा बनाएका छौं तिनै बाटो हगुवा भएर यसो भएको त होईन नि ? कहिल्यै तिनका आसेपासे र चम्चेहरुको गुदीमा यस्ता खालका बिचार आए होलान कि नहोलान ? सोचनिय विषय हो यो एउटा तर सोचिदिने कसले ? कसले बुझिदिने, कसले चिन्ता लिईदिने ? माग्न पल्केका एनजिओ र आईएनजीओको नाममा झोली थापेर अनुदान र टुक्रे योजनाका नाममा कमिशन खान पल्केकाहरुले यो विषयमा के सोच्थे र ? यि सबै हुनु र अपमानित हुनुमा सबैभन्दा पहिलो कुरा हो सडक सञ्जाल अहिले पनि कर्णालीमा नहुनु मानिसहरु चाहेर पनि के हो कर्णाली भन्ने हेर्ने र घुम्ने अवसर नपाउनु। महङ्गो लागत गरिव प्रदेश प्रति किलोमिटर सडक सञ्जाल विस्तार गर्न नै अरवौं रुपैयाँ लाग्नुले गर्दा पनि यसले चाँडै परिभाषा परिवर्तन गर्ने आशा राख्नु त्यति उचित त नहोला तर पनि पोड वे जुन थोरै लागतमा चलाउन सकिन्छ । त्यसतर्फ ध्यान दिएर प्रभावकारीता र कति सुरक्षित भन्ने कुरा एकिन गरेमा भने त्यो कर्णाली प्रदेशको लागी सार्वजनिक यातायातको राम्रो विकल्प बन्नसक्छ ।

बेलारुसमा करिब ४० वर्षदेखि सर्टिफाईड भएको प्रविधि हो पोड वे प्रति डिव्वामा ३ देखी ६ जनासम्म यात्रु चढ्न मिल्ने यो प्रविधि कर्णालीका लागी असाध्यै उपयोगी मात्र नभएर सार्वजनिक यातायातको स्थानमा पनि यसले काम गर्ने र मानिस मनोरञ्जनका लागी पनि केवलकार भन्दा सस्तो भएका कारण पनि यो प्रविधिले कर्णालीका सडक सञ्जाल नपुगेका र पुग्न पनि धेरै खर्च हुने ठाँउमा यसको प्रयोगले कर्णालीको यो परिचय सुधारमा मद्धत गर्ने पक्का छ । त्यसैगरी सार्वजनिक सवारी साधनको काम त यसले गर्छ नै यसले पर्यटन प्रर्वद्धनमा समेत टेवा पुग्छ। यसतर्फ कर्णालीका टाउकेहरुको टाउकोमा भएको गिदीमा सकारात्मक प्रकारका किराको बास होस् भगवानसङ्ग यही प्राथना छ।

## विश्व

### गाजामा बढ्दो तनावबीच रफाह आक्रमणविरुद्ध राष्ट्र सङ्घीय प्रमुखको चेतावनी

**न्युयोर्क (अमेरिका), २५ वैशाख**

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले सोमबार कडा चेतावनी जारी गर्दै रफाहको भूमि आक्रमण ‘असहनीय’ हुने बताउनुभएको छ। उहाँले यसको विनाशकारी मानवीय परिणाम तथा यस क्षेत्रमा सम्भावित अस्थिर प्रभाव हुने बताएको सिएनएनले बताएको छ ।

“रफाहमा स्थलगत आक्रमणले विनाशकारी मानवीय परिणाम र यसको अस्थिर प्रभाव असहनीय हुनेछ” उनले भने, “मैले इजराइली सरकार र हमासको नेतृत्वलाई युद्धविराम सम्झौतामा पुग्नका लागि अतिरिक्त प्रयास गर्न कडा अपिल गरेको छु, यो यस्तो अवसर हो जसलाई छाड्न सकिँदैन ।”

प्यालेस्टिनी सिभिल डिफेन्सका अनुसार मङ्गलबार बिहान रफाहमा धेरैवटा हवाई आक्रमणका कारण तनाव बढ्दा मानसिहरू हताहतमा परेका छन् भने कयौँ घाइते भएका छन् । “सिभिल डिफेन्स टोलीहरूले दक्षिणी गाजा पट्टीको रफाह प्रान्तका विभिन्न स्थानमा सोमबार राति इजराइली लडाकु विमानहरूले बम प्रहार गरेका धेरै घरहरूको भग्नावशेषमुनिबाट धेरै सहिद र घाइतेलाई निकाल्न सफल भएका छन्”, प्यालेस्टिनी डिफेन्सको विज्ञप्तिमा भनिएको छ ।

सिभिल डिफेन्सले जारी गरेको तस्बिरहरूले बमबारी भएका घरहरूको भग्नावशेषमुनि हताहत भएका धेरैलाई फेला पारेको विज्ञप्तिमा उल्लेख छ । मङ्गलबार बिहान जारी एक फेसबुक पोस्टका अनुसार रफाहको कुवेत अस्पतालमा ११ जनाको मृत्यु भएको बताइएको छ ।

बढ्दो हवाई आक्रमणका बीच इजराइली प्रधानमन्त्रीको कार्यालयले सोमबार ‘हमासमाथि सैन्य दबाब दिन’ रफाहमा सैन्य कारबाही जारी राख्ने पुष्टि गरेको छ। इजराइली रक्षा बल (आइडीएफ) ले पूर्वी रफाहमा हमासका आतङ्कवादी लक्ष्यहरू विरुद्ध जारी लक्षित आक्रमणहरू गरेको बताएको छ । सिभिल डिफेन्सका अनुसार आइतबारदेखि सोमबारसम्म रातभर भएको घातक बमबारीपछि कम्तीमा २६ जनाको ज्यान गएको थियो ।

### ‘स्पेसएक्स’ द्वारा २३ थप ‘स्टारलिंक’ इन्टरनेट उपग्रह अन्तरिक्षमा प्रक्षेपण

**लस एन्जलस, २५ वैशाख**

अमेरिकी निजी अन्तरिक्ष कम्पनी ‘स्पेसएक्स’ले सोमबार थप २३ वटा ‘स्टारलिंक’ उपग्रहहरू प्रक्षेपण गरेको छ । स्टारलिंक निजी अन्तरिक्ष उडान कम्पनी स्पेसएक्सद्वारा कम लागतको इन्टरनेट उपलब्ध गराउन विकसित गरिएको उपग्रह नेटवर्कको नाम हो ।

स्पेसएक्सका अनुसार अमेरिकी राज्य फ्लोरिडास्थित नासाको केनेडी स्पेस सेन्टरबाट ‘फाल्कन -९’ रकेटमा उपग्रहहरू प्रक्षेपण गरिएको थियो । फाल्कन -९ स्पेसएक्सद्वारा डिजाइन र निर्माण गरिएको एक रकेट हो ।

‘फाल्कन -९’ पहिलो चरणमा फिर्ता आयो र ‘जस्ट रिड दी निर्देशन’ ड्रोनशिपमा अवतरण भयो । उक्त ड्रोनशिप एट्लान्टिक महासागरमा राखिएको कम्पनीले जानकारी गराएको छ।

स्पेसएक्सले यसपछि २३ वटा उपग्रहहरूको तैनाथीको पुष्टि गरेको छ । स्टारलिंकले स्पेसएक्सका अनुसार पहुँच अविश्वसनीय, महँगो वा पूर्ण रूपमा अनुपलब्ध भएको स्थानहरूमा तीव्र गतिको ब्रोडब्यान्ड इन्टरनेट प्रदान गर्ने बताएको छ।

# कानून दिवस : न्यायमा पहुँच र यथार्थता



खगेन्द्र खनाल (अधिवक्ता)
khanalkhagendra7@gmail.com

न्याय नपाए गोरखा जानु भन्ने उखान नेपाली न्यायको इतिहाँसमा अति नै महत्वपूर्ण छ। मल्लकालिन न्याय व्यवस्थाबाट आजका दिनसम्म आइपुग्दा कानूनका क्षेत्रमा व्यापक परिवर्तन आईसकेको छ। शासन गर्ने शासकहरुले आफ्नो शासनकालमा विभिन्न तरिकाले न्याय सम्बन्धी व्यवस्था गरिआएको पाइन्छ। विगतमा शासकले आफ्ना नजिकका नातेदारहरुलाई न्याय दिन होस् वा अन्य व्यक्तिहरुहरुलाई दण्डित गरी आफ्नो पक्षमा हुनेगरी शासन सत्ता संचालन गर्नका लागी आफ्नै तरिकाले न्याय व्यवस्थाको प्रबन्ध गरेको पाईन्छ। शासकहरुका वचनवाणी र आदेश नै कानून मानिने अवस्थादेखी आजका दिनहरुमा लिखितरुपमा दस्तावेजित कानूनसम्मको विकासमा कैयौं शासक र शासन व्यवस्थाले महत्वपूर्ण योगदान गरेको पाइन्छ ।

नेपालमा न्यायपालिकाको जग बसाल्ने कानूनःप्रधान न्यायालय ऐन, २००८ जारी भई वि. स. २००९ साल वैशाख २६ गते राजा त्रिभुवनबाट लालमोहर लागेको दिनको सम्झनामा प्रत्येक वर्ष नेपालमा कानून दिवश मनाउने गरिएको छ । प्रधान न्यायालयको प्रधान न्यायाधिशका रुपमा हरिप्रसाद प्रधानले वि. स. २००८ साल साउन २६ गते शपथ ग्रहण गर्नुभएको थियो । उहाँ नेपालमा स्वतन्त्र न्यायपालिकाको जग बसाल्ने प्रधान न्यायाधिश हुनुहुन्थ्यो । उहाँले स्वतन्त्रता कायम राखी सत्यलाई साथ दिई राजाको शासनकालमा पंचायती शासकविरुद्द आन्दोलन गर्ने व्यक्तिको पक्षमा सत्यलाई साक्षी राखी आफ्नो जिवनको प्रवाह नगरी सत्यका पक्षमा न्याय प्रदान गर्ने कार्य गर्नुभएको थियो । प्रधान न्यायाधिश हरिप्रसाद प्रधान, अनिरुद्रप्रसाद सिंह, भगवतीप्रसाद सिंह र रत्न बहादुर विष्टसमेतले स्वतन्त्र न्यायपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाईन्छ। वि. सं. २०१३ सालमा सर्वोच्च अदालत ऐन, २०१३ जारी भई सर्वोच्च अदालत स्थापना भएको थियो । कानून दिवशलाई प्रजातन्त्र र मानव अधिकारको जग बसाल्ने दिनका रुपमा समेत लिने गरेको पाईन्छ । न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन साथै आधुनिक न्याय प्रणालीको विकासका लागी प्रधान न्यायालय ऐनले स्थापना गरेको न्यायालयको जगलाई थप बलियो बनाउनका लागी कानून दिवश मनाउने गरिएको छ। राणा शासनकालमा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अंगहरु राणा शासकको हातमा रहेकोमा राणा शासनको अन्यपछि न्यायपालिका सम्बन्धी छुट्टै व्यवस्था गर्नका लागी पहिलो पटक केन्द्रीय न्यायालय स्थापना भएको हो। उक्त ऐनले प्रधान न्यायालयबाट गरिने फैसला र आदेशहरु अकाट्य र अन्तिम हुने कानूनी व्यवस्था गरेको थियो । आजको दिनसम्ममा आईपुगेको न्यायालयको प्रस्थान विन्दु यहि नै थियो । कानून दिवशका माध्यमबाट अन्यायमा परेका सर्वसाधारणहरुको न्यायमा पहुँचको सुनिश्चितता र न्यायालयप्रतिको सम्मान अभिवृद्धि हुने विश्वास गरिन्छ ।

न्यायपालिकाको मुख्य कार्य न्याय प्रदान गर्ने र विधिको शासन स्थापित गर्ने हो । राजनीतिक हस्तक्षेपमुक्त न्यायपालिका आजको आवश्यकता हो। हजुरबुबाको पालादेखी चलेका मुद्दाहरु नाती पुस्तासम्मले झेलिरहनुपर्ने र छिटोछरितो न्याय प्राप्त हुन नसकेको गुनासोसमेत कहिँकतै सुनिने देखिने गरेको छ । न्यायपालिकाको सर्वोच्च निकाय सर्वोच्च अदालतमा पुगेका हजारौं मुद्दाहरु बर्षौदेखी अनिर्णित अवस्थामा रहिरहनु र मुद्दा खेप्दाखेप्दै पुस्तौंपुस्ता बितिसक्दापनी न्याय निरुपण नहुनुले न्यायपालिकाको विश्वसनियतामाथी आम नागरिकको तवरबाट शंका उत्पन्न हुनु स्वभाविकै हुन्छ ।

निष्पक्ष न्याय गर्नुपर्ने अधिकांश न्यायमुर्तिको नियुक्ति राजनीतिक दलको सुचीबाट हुने गरेको अभ्यासले समेत न्यायपालिकाको गरिमामाथी विश्वास घट्ने साथै न्यायको आशनमा बसेका न्यायमूर्तिबाट उचित फैसला आउँदैनकी भन्ने शंका उत्पन्न हुनसक्ने परिस्थितिसमेत आम सर्वसाधारणमा उत्पन्न हुने गरेको पाईन्छ । न्याय प्राप्तिका लागी न्यायालयसमक्ष उपस्थित हुनुपर्ने न्यायका उपभोक्ताहरुमा कानूनको ज्ञान नहुनु, कानूनी शिक्षाको अभाव हुनु, सरकारी र गैह्रसरकारी तवरबाट कानूनी शिक्षा र सचेतनाका कार्यक्रमहरु संचालन नहुनु, अड्डा अदालतहरुमा सामान्य किसिमका भौतिक पूर्वाधारहरु र स्रोत साधनहरुको अभाव हुनु, मुद्दाको संख्याको अनुपातमा न्यायाधिशहरु र कर्मचारीहरुको नियुक्ति नहुनु, भएका जनशक्तिलाई समयानुकुल तालिमहरु र सेवा सुविधाहरु उपलब्ध नगराईनु जस्ता कार्यहरु न्याय प्राप्तिका अवरोहहरु हुन् ।

अनुत्पादक क्षेत्रमा अर्बौको बजेट व्यवस्थापन गर्ने सरकारले न्यायक्षेत्रका लागी सामान्य प्रशासनिक खर्च बाहेकको बजेट उपलब्ध नगराउने प्रवृत्तिले समेत न्यायक्षेत्र उपेक्षामा परेको देखिन्छ । न्यायपालिका अन्तर्गतका अड्डा अदालतहरुले समेत आफुसँग भएका स्रोत साधनको व्यवस्थितरुपमा परिचालन गर्न सकेको पाईदैन । न्याय क्षेत्रसँग दैनिकरुपमा जोडिएर काम गर्नुपर्ने कानून व्यवसायी, सरकारी वकिल, नेपाल प्रहरी र अन्य निकायहरुका बिचमा व्यापक छलफल र बहस गरी तत्काल समस्या समाधानका लागी जुट्नुपर्नेमा समन्वय र छलफलको पाटोलाई अलिकम महत्व दिनेजस्ता कार्यले समेत न्याय सम्पादनमा केही असहजता उत्पन्न गर्ने गरेको पाईन्छ ।

छिटो छरितो र प्रभावकारी न्याय सम्बन्धी व्यवस्था संविधानमै मौलिक हकको रुपमा स्थापित भईसकेको अवस्थामा अझैपनी आम नागरिकहरुले सहजरुपमा न्याय प्राप्त गर्न नसकेको, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता हुँदै राष्ट्रिय कानुनले प्रदान गरेको व्यक्तिका आधारभुत हक अधिकारहरु प्राप्तिमा सामान्य कार्यविधिगत कारणले अवरोध गरी नागरिकसमेत बन्न नपाएका, सन्तानको जायजन्म भैसकेको अवस्थामा जन्मदर्ता बनाउनका लागी वर्षौसम्म सम्बन्धित निकायहरुमा धाउदापनी समयमै न्यायपूर्ण व्यवहार नपाएको, घरखेत बेचेर अदालती प्रक्रियामा मुद्दा लड्दालड्दै प्राप्त भएको न्यायसमेत कार्यान्वयनको झन्झटिलो प्रक्रियाले जटिल भैरहेको, टाठा बाठाले बाङ्गो प्रक्रिया अपनाई सर्वसाधारणलाई दुःख सास्ती दिएकोमा कागजीरुपमा प्रमाणहरु पुग्न नसकि हक गुम्ने कानुनी व्यवस्थाहरुमा भएका केही कमिकमजोरीबाट समेत न्यायमा सहज पहुँच शब्द आफैमा अनिर्णित अवस्थामा रहेको छ ।

नेपाल केन्द्रिकृत शासन प्रणालीबाट संघात्मक प्रणालीमा रुपान्तरण भईसकेको छ । संविधानले न्याय सम्बन्धी हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २० ले न्याय सम्बन्धी हकलाई व्यक्तिले प्राप्त गर्ने मौलिक हकका रुपमा व्यवस्था गरेको छ। धारा २० को उपधारा ९ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निषक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। व्यक्तिका हक अधिकारहरुमा आघात पर्न गएमा स्वतन्त्र, सक्षम र निष्पक्षरुपमा अदालत वा अन्य न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने व्यवस्था संविधानले गरेपनी व्यक्तिहरु अदालतसम्म पुग्न वा न्यायिक निकायमा उपस्थित हुन त्यति सहज भने छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय न्यायिक समितिको व्यवस्था गरेको छ तर स्थानीय न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विषयहरुका सम्बन्धमा छिटो छरितो सेवासुविधा पाउने कुरा फलामका चिउरा चपाउनुसरह बनेको पाईन्छ। स्थानीय न्यायिक समितिको गठन प्रक्रियामा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा रहने ३ सदस्यीय समितिले गर्ने व्यवस्था छान्याय प्रदान गर्नका लागी न्याय प्रदान गर्ने निकायमा रहने व्यक्तिहरु कानुनको जानकार हुनैपर्दछ।

स्थानीय सरकारको उपप्रमुख वा उपाध्यक्ष पदमा निर्वाचित हुने व्यक्तिको सम्बन्धमा कानुनी शिक्षाको ज्ञान भएको व्यक्ति हुनुपर्ने प्रावधान नभएको वा शैक्षिक योग्यताका सम्बन्धमा कहिँकतै उल्लेख नगरेको अवस्थामा त्यसरी निर्वाचित हुने व्यक्तिहरु जोसुकै हुनसक्ने र त्यस्ता व्यक्तिबाट सम्पादन हुने न्यायको सम्बन्धमा विश्वसनीयतामा नै प्रश्न उठ्ने भएकाले प्रायजसो व्यक्तिहरु स्थानीय न्यायिक समितिमा न्याय माग्न जानुको सट्टामा खुम्चिएर बस्नुपर्ने यथार्थता स्पष्ट छान्यायिक समितिमा रहने कर्मचारी समेत कानुन विषयमा ज्ञान हाँसिल गरेको नभई जुनसुकै क्षेत्रको भएपनी नियुक्त गर्ने र नियुक्त भएको कर्मचारीहरुसमेत बेलाबेलामा शाखा परिवर्तन गरिरहने बाध्यता वा परिस्थितिले न्याय सम्पादन झन जटिल हुनपुगेको छ। कतिपय व्यक्तिहरुलाई स्थानीय न्यायिक समितिको बारेमा थाहा जानकारी नहुनु र स्थानीय सरकारले समेत कानुन सम्बन्धी साक्षरतामुलक कार्यक्रमहरु संचालन नगरी अन्य क्षेत्रका कार्यक्रमहरुलाई मात्र प्राथमिकतामा पार्नुले न्याय र कानुन सम्बन्धी ज्ञानको अभाव बढ्दै गईरहेको छ।

कानुनको अनविज्ञता क्षम्य हुँदैन भन्ने कानुनको सिद्दान्त भएतापनी आफ्ना नागरिकहरुलाई कानुनी शिक्षा प्रदान गर्ने र सुसुचित गराउने जिम्मेवारी र दायित्व राज्यको हो । तिनै तहका सरकारले शासन संचालन गरिरहेको भएतापनी के कार्यक्रम कसरी संचालन गर्ने हो सो सम्बन्धमा स्पष्ट कार्ययोजनाका साथमा योजना नबनाउँदा त्यस्ता कार्यक्रमहरु समेत ओझेलमा पर्दै आएका छन् । स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको लागी कानुनमा न्युनतम ज्ञान हासिल गरेको हुनुपर्ने प्रावधान राखेर कानुनको ज्ञान भएको व्यक्तिहरुलाई त्यस्ता निकायहरुको जिम्मेवारी दिने वा अनिवार्यरुपमा कानुन अधिकृत रहनेगरी कर्मचारी व्यवस्थापन गर्नका लागी आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सकेमा न्यायमा पहुँचको केही सुनिश्चितता हुनसक्ने देखिन्छ। अर्कोतिर न्याय र कानुनका क्षेत्रमा काम गर्दै आएका विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुले केहीरुपमा भएपनि कार्यक्रमहरु संचालन गर्दै आएको पाईन्छ तर त्यस्ता संघसंस्थाहरु शहर केन्द्रित बढी हुने र दुर्गम तथा विकट गाउँबस्तीहरुमा कार्यक्रम संचालन गर्नका लागी त्यति तत्पर हुनसकेको देखिँदैन । विकट तथा दुर्गम क्षेत्रमा कार्यक्रम संचालन गर्ने संघ संस्थाहरुलाई केही प्रोत्साहनमुलक कार्यक्रमहरु प्रदान गर्ने साथै बेलाबेलामा पुरस्कृत गर्न सकेमा केहीरुपमा भएपनी न्याय प्राप्तिमा सहजता हुनसक्ने देखिन्छाप्रदेश र स्थानीय तह अन्तर्गत नीति कार्यक्रमहरु तय गर्दा कानुनी साक्षरता सचेतना तथा न्यायका चेतनामुलक कार्यक्रम तय गर्न सकेमा केहीरुपमा भएपनी कानुनी शिक्षा प्राप्त गर्नका लागी नागरिकहरुलाई सहजता हुनसक्छ । विकासका नाममा गरिने मनोमानि बजेट वितरण र त्यस्ता बजेटको कार्यान्वयमा भएका जटिलताहरुलाई समेत निती निर्माण तहमा बस्ने व्यक्तिहरुले विचार गर्नैपर्दछ।

कानुनी शिक्षा र सचेतनासम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिँदै थप कार्यक्रमहरु संचालन गर्ने,प्राथमिक तहदेखी नै आधारभुत कानूनी शिक्षाको पाठ्यक्रम निर्माण गरी शिक्षा प्रदान गर्ने वातावरण बनाउने,माध्यामिक तहसम्मको पठनपाठन हुने विद्यालयहरुमा कम्तिमा १ जना कानुनको स्नातक तहसम्मको शिक्षकको दरबन्दी थप गर्ने समुदाय स्तरमा रहेका विभिन्न समुहहरु समितिहरु नागरिक समाजलाई केन्द्रित गरी घुम्ति कानुनी शिक्षा तथा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने, संविधान र कानुनहरुमा भएका न्याय सम्बन्धी व्यवस्थाहरुको बारेमा सचेतना फैलाउने, विभिन्न किसिमका जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने, कानुन व्यवसायी नियुक्त गर्न नसक्ने व्यक्तिहरुका लागी भएको वैतनिक कानुन व्यवसायी सम्बन्धी व्यवस्था, कानुनी सेवा सरसल्लाह प्राप्त गर्नका लागी सरसहयोग गर्ने संघसंस्थाहरुको बारेमा जानकारी गराउने, अदालत र बार एशोसिएसनबाट प्राप्त हुने प्रोबोनो सेवा सम्बन्धमा न्यायका उपभोक्ताहरुलाई सुसुचित गराउन आवश्यक छ। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुलाई समेत कानुन कार्यान्वयमा सरसहयोग गर्ने विषयमा प्रशिक्षणमुलक कार्यक्रमहरु संचालन गर्ने लगायतका कार्यक्रमहरु संचालन गर्न सकेमा न्यायमा पहुँचको उद्देश्य पुरा हुनसक्छ। अर्धन्यायिक तथा न्यायिक निकायहरुको नियमन गर्ने गराउने, सुधार गर्नुपर्ने पक्षहरुका सम्बन्धमा बेलाबेलामा छलफल गर्ने गराउने, कानुन कार्यान्वयन र न्यायमा सहज पहुँचका बाधकका रुपमा रहने व्यक्ति वा निकायहरुको पहिचान गरी कानुन बमोजिम कारवाहीका लागी समेत पहल गर्नसक्नुपर्दछ।कानुनीराज भएको देशमा कानुनी अराजकता निम्ताउने जो कोहीलाई समेत नियमन गर्नसक्ने व्यवस्था गरिनुपर्दछ।

न्यायपालिकाको सर्वोच्च निकायका रुपमा रहेको सर्वोच्च अदालत र मातहतका अदालत साथै अर्धन्यायिक निकायहरुले न्याय सम्पादन प्रभावकारी भएको वा नभएको विषयमा

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — राजनैतिक कार्यमा सफलता मिल्नेछ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। घरमा अतिथिको आगमन हुनेछ, तर स्वास्थ्यको ख्याल गर्नु पर्नेछ।

**वृष** — आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ। मन खिन्न हुने स्थिति आउनेछ। शरीर भारी र मन अस्थिर रहने संकेत पनि देखिन्छ।

**मिथुन** — आज शुभ कार्यमा सरिक भइनेछ। चिताएको कामले तीव्रता लिनेछ । कलासाहित्यमा रुचि बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**कर्कट** — चलाखीपूर्ण बोलीले सिद्ध हुनेछ । साथीभाइसँग समय बित्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**सिंह** — समाजसेवामा मन लाग्नेछ। ठीक समयमा सही निर्णय लिन सकिनेछ। महत्वपूर्ण कामको थालनी हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**कन्या** — आज स्वास्थ्यमा समस्या आउनसक्छ । सहकर्मीबाट विरोध आउला । गरेका काममा ढिलासुस्ती हुनेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**तुला** — आज रमाइलो यात्राको सम्भावना छ। रोकिएको धन हात पर्ला। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**वृश्चिक** — आज पारिवारिक जमघटमा मन रमाउनेछ । मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइने योग छ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**धनु** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ । सामाजिक क्षेत्रबाट पनि राम्रो सहयोग पाइनेछ।

**मकर** — अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला। अल्छीपना पनि बढ्नेछ।

**कुम्भ** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ।

**मीन** — श्रमको उचित मूल्याङ्कन हुनेछ। बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ। जोशजाँगर र उमंग बढ्ला। आर्थिक कारोबारमा सफलता पाइएला।

# कर्णालीका दुई आयोजनामा लगानी गर्न विदेशी लगानीकर्ता तयार

**◣युग संवाददाता**
**सुर्खेत, २५ वैशाख ।**

तेस्रो लगानी सम्मेलनमा राखिएका कर्णाली प्रदेशमा पर्ने केही आयोजनामा लगानी गर्न केही विदेशी कम्पनी तयार भएका छन् । लगानी सम्मेलनमो सोकेसमा राखिएका जलविद्युत् र भौतिक पूर्वाधार क्षेत्रका केही आयोजनामा विदेशी लगानी गर्न तयार भएका हुन् । नलगाड जलविद्युत आयोजना र रारा तालमा सुबिधा सम्पन्न होटेल बनाउनका लागि विदेशी लगानी गर्न तयार भएका छन् ।

जाजरकोट नलगाड जलविद्युत् आयोजनाको निर्माणमा भारत सरकारको स्वामित्व रहेको कम्पनी नेशनल थर्मल पावर कर्पोरेशन लिमिटेड (एनटीपीसी) ले इच्छा देखाएको छ । बैशाख १५ र १६ गते काठमाडौंमा भएको सम्मेलन सकिएपछि कम्पनीले नलगाडमा लगानीको गर्ने इच्छा जनाएको छ ।

ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतसँग कम्पनीका प्रतिनिधीहरुले छलफल गरेको र लगानीका लागि भारतीय कम्पनी तयार भएको लगानी बोर्डको कार्यालयका सहसचिव बाबुराज अधिकारीले विभिन्न कम्पनीहरुले नलगाडमा चासो देखाएको बताए । 'लगानी सम्मेलनमा नलगाड लगानीको इच्छा प्रकट भएको छ ।' उनले भने, 'प्रस्तावित जलविद्युत् आयोजना जाजरकोटको नलगाड नदीमा पहिचान भएको छ ।'

विस्तृत अध्ययन पूरा भएको आयोजनाका लागि सरकारले लगानी खोजिरहेको थियो । लगानी जुटाउन नसक्दा आयोजना निर्माण अघि बढेको थियो । यो आयोजना नलगाड नगरपालिका-२, ५, ७ र ८ तथा बोरेकोट गाउँपालिका-१, २, ५, ६, ७, ८ र ९ मा निर्माण हुनेछ । आयोजनाबाट एक हजार १७२ घरपरिवारका सात हजार दुई हजार ८४ जना प्रभावित हुनेछन् ।

यो जलाशययुक्त प्रकृतिको जलविद्युत् आयोजना हो । यो आयोजनाले वार्षिक ३६५५ गिगावाट आवर विद्युतीय ऊर्जा उत्पादन गर्न सक्छ । सुक्खायाममा ६ सय चार दशमलव नौ गिगावाट आवर उत्पादन गर्न सक्छ । यो आयोजनाको विस्तृत अध्ययन ७ वर्ष लागेर स्मेक र एमडब्लुएच र नेपाली कम्पनी उदय कन्सल्ट्यान्टले अध्ययन पूरा गरेको हो ।

३१ महिनमा सक्ने गरी २०७३ सालमा ठेक्का पाएको थियो । विभिन्न बाहाना बनाएर कम्पनीले काम गर्न नसकेको हो । लामो समय अध्ययन प्रक्रिया नै अलपत्र परेको थियो ।



भारतीय नाकाबन्दी, पहुँचमार्गको अभाव, कोभिड-१९ को संक्रमण लगायतका कारणहरु देखाएर काम अलपत्र परेको थियो । यो आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (ईआइए) प्रतिवेदन वन तथा वातावरढ मन्त्रालयबाट स्वीकृत भइसकेको छ ।

यो आयोजनाको सन् २०१२ मा नै सर्वे भएको थियो । एक खर्ब २३ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । अहिले यो लागत करिब दुई खर्ब रुपैयाँ हुने अनुमान छ ।

निर्माण थालेको ६ वर्षमा पूरा गर्न सकिने अध्ययन प्रतिवेदनमा उल्लेख छ । साढे आठ किमी सुरुङमार्ग निर्माण गर्नुपर्नेछ । भूमिगत विद्युत गृह हुनेछ । ८ किमीको कृतिम ताल निर्माण हुनेछ । पाँच सय रोपनी जग्गा चार अर्ब रुपैयाँ खर्चेर अधिग्रहण भइसकेको छ ।

संरचनाहरु भने अधिग्रहण हुन बाँकी छ । साना ठूला गरी सात सय संरचनाहरु अधिग्रहण गर्नुपर्नेछ । नलगाड जलविद्युत आयोजनालाई क्षेत्रीय ऊर्जा सन्तुलन कायम गर्न तथा कर्णालीको विकासमा कोसेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

**७० करोड लागतमा रारामा होटल बन्ने**

लगानी सम्मेलनको सोकेशमा राखिएको रारामा बन्ने पहिलो लक्जरी रिसोर्टमा अष्ट्रेलियाको एक्सपर्ट ग्रुपले लगानी गर्ने भएको छ । लगानी सम्मेलनमा यससम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । अष्ट्रेलियामा कार्यरत एनआरएनहरुले खोलेको एक्सपर्ट ग्रुपले मुगुको मुर्माटपमा होटेल खोल्ने सम्झौता गरेको लगानी बोर्डले जनाएको छ । सम्झौतामा एक्सपर्ट ग्रुपको तर्फबाट बद्रि अर्याल र सञ्जिव शर्मा तथा रारा होल्डिङस् रिसोर्ट प्रालिकातर्फबाट अभिषेक विक्रम शाहले हस्ताक्षर भइसकेको छ ।

मुगुको छायानाथ रारा नगरपालिका-९, मुर्माटपमा ७४ रोपनी क्षेत्रफलमा बन्ने लक्जरी रिसोर्टमा पहिलो चरणमा करिब ७० करोड रुपैयाँ लगानी हुनेछ । रिसोर्ट वातावरणमैत्री र स्थानीय संस्कृति झल्किने नेपाली डिजाइनमा निर्माण गरिने र स्थानीयस्तरमा उपलब्ध श्रोत तथा साधनको अधिकतम् प्रयोग हुने रारा हुनेछ ।

समुद्र सतहदेखि तीन हजार सात मिटर उचाइमा निर्माण हुने यो रिसोर्टबाट रारा ताल र त्यस क्षेत्रका हिमालहरूको उत्कृष्ट दृश्य देखिनुका साथै आसपासका क्षेत्रहरूको दृश्यावलोकन समेत गर्न सकिनेछ । यो परियोजना कर्णाली प्रदेशकै पहिलो लक्जरी रिसोर्ट हो । परियोजना निर्माण सुरु गर्नका लागि सबै प्रकृया लगभग अन्तिम चरणमा पुगेका छन् ।

यस सम्झौतासँगै हामी भोलिदेखि नै निर्माण प्रकृयालाई तीव्रता दिनेछौं र आगामी १८ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनामा दोस्रो चरणमा ४० करोड रुपैयाँ लगानी थप हुनेछ । एक्सपर्ट ग्रुपको अष्ट्रेलिया र नेपालमा शिक्षा र जलविद्युत क्षेत्रमा लगानी रहेको छ । ८० रोपनी जमिनमा बन्ने उक्त होटलको लागत एक अर्ब १० करोड रुपैयाँ हुने बताएको छ ।

# बिदा लिएर निजी स्वास्थ्य संस्थामा नजान चिकित्सकलाई निर्देशन

**◣युग संवाददाता**
**काठमाडौं, २५ वैशाख ।**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई बिदा लिएर निजी स्वास्थ्य संस्थामा काम गर्न नजान निर्देशन दिएको छ ।

स्वास्थ्य मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटीले प्रतिष्ठान, विभाग, अस्पताल र केन्द्रलाई निर्देशन जारी गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले जुन उद्देश्यका लागि बिदा लिएको हो सोही उद्देश्यअनुसार त्यसको सदुपयोग गर्न आग्रह गरेका छन् ।

उनले चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई अध्ययन, असाधारण, घर बिदा, बिरामी बिदा, भैपरी आउने र पर्व बिदा जस्ता बिदा लिई निजी संस्था तथा गैरसरकारी संस्थामा गई कार्य गर्नेलाई प्रचलित कानुन अनुसार कारबाही गर्ने बताए ।

'केही चिकित्सक तथा स्वास्थ्यकर्मी एवम् कर्मचारीले जुन उद्देश्यका लागि बिदा लिएका हुन् सोही अनुसार बिदा उपयोग नगरी निजी स्वास्थ्य संस्थामा, विदेशी स्वास्थ्य संस्था एवम् गैरसरकारी सङ्घ संस्थामा गई कार्य गरेको जानकारी प्राप्त हुन आएकाले त्यस्ता कार्य नगर्नु, नगराउनु हुन अनुरोध गर्दै आ-आफ्नो पदीय मर्यादा, व्यक्तिगत आचरण एवम् पेसागत अनुशासनमा रही कार्य गर्नुहोला', सचिव बुर्लाकोटीद्वारा जारी निर्देशनमा उल्लेख छ ।

केहीले विदेशमा समेत गई कार्य गरी आफू जिम्मेवार रहेको निकायमा चिकित्सकीय तथा स्वास्थ्य सेवा प्रवाह नगरी गैर जिम्मेवारीपूर्ण कार्य गरेकाले प्रचलित कानुन बमोजिम हदैसम्मको कारबाही गरी स्वीकृत गरेको बिदा रद्द गर्न विभिन्न निकाय तथा सेवाग्राहीबाट गुनासो प्राप्त भएको सचिव बुर्लाकोटीले उल्लेख गरेका छन् ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ मा सबै सरकारी कर्मचारीको समय नेपाल सरकारको अधिनमा हुने र बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको उल्लेख गर्दै कर्मचारीले नियमावली अनुसार बिदा लिन पाउने भए पनि जुन उद्देश्यले बिदा लिएको हो सोही प्रयोजनमा उपयोग गर्न उनले आग्रह गरे ।

बिदाको उद्देश्यविपरीत निजी स्वास्थ्य संस्थामा काम गरेको पाइएमा सम्बन्धित निकायले स्वीकृत गरेको बिदा रद्द हुनुको साथै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ तथा सेवा सञ्चालन सम्बन्धि प्रचलित कानुन बमोजिम हदैसम्मको कारबाही हुने र सोको लागि सम्बन्धित व्यक्ति स्वयम् जिम्मेवार हुनुपर्ने सचिव बुर्लाकोटीले बताए ।

त्यस्तै स्वदेशी तथा विदेशी निजी संस्थाले सरकारी चिकित्सक, स्वास्थ्यकर्मी एवम् कर्मचारीले त्यस्तो कार्य भए गरेको देखिएमा मन्त्रालयमा जानकारी गराउनसमेत आग्रह गरिएको छ ।

# तातो हावा 'लू' ले जनजीवन कष्टकर

**◣युग संवाददाता**
**बाँके, २५ वैशाख ।**




अत्यधिक गर्मी र तातो हावा 'लू'का कारण बाँकेको जनजीवन प्रभावित बन्दै गएको छ । दिउँसो १२ बजेपछि बेलुका ५ बजेसम्म अत्यधिक गर्मी र तातो हावा 'लू' चल्ने गरेको छ । जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालयका अनुसार नेपालगञ्जको अधिकतम तापक्रम बढेको हो ।

तातो हावाबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न विभिन्न उपाय अपनाउन महाशाखाले अनुरोध गरेको हो । तातो हावाबाट बच्न गर्मी समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, पानी तथा झोलिलो पदार्थ प्रशस्त मात्रामा सेवन गर्ने, स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्न भेरी अस्पतालका फिजिसियन डा पारश श्रेष्ठले आग्रह गरे ।

अत्यधिक गर्मीले नेपालगञ्जको तापक्रममा उतारचढाव हुने गरेको छ । दिउँसोको समयमा चल्ने सुक्खा तातो हावाका कारण जनजीवन प्रभावित बन्दै गएको छ । चर्को गर्मी र तातो हावाका कारण दैनिक ज्याला मजदुरी गरेर हातमुख जोड्ने वर्गलाई धैरै प्रभाव परेको छ । दैनिक रूपमा ठेला चलाउने, रिक्सा चलाउने तथा अन्य ज्यालादारी गर्ने मजदुरलाई समस्या परेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष नन्दलाल बैश्यले बताए ।

चर्को गर्मी र तातो हावाका कारण सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि पातलिएको छ । अत्यावश्यक काम भएका सेवाग्राही मात्र कार्यालयमा आउने गरेका छन् । भेरी अस्पतालमा पनि बिरामीको चाप बढेको डा श्रेष्ठले बताए । दिउँसोको समयमा सुनसान जस्तो देखिने नेपालगञ्जको बजार साँझको समयमा भने भीडभाड हुने गरेको छ । बजारका विभिन्न चोक तथा पसलमा काँक्रो, खरबुजा, लस्सी, आइसक्रिम, कुल्फी तथा चिसो पेय पदार्थ सेवन गर्ने सर्वसाधारणको सङ्ख्या उल्लेख्य देखिन्छ ।

# लागु औषधसहित एक जना प्रहरीको नियन्त्रणमा

**◣गोल्डेन बुढा**
**जुम्ला, २५ वैशाख ।**

जुम्ला प्रहरीले लागु औषध चरेस सहित एक जना युवालाई नियन्त्रणमा लिएको छ । प्रहरीले सोमबार दिउँसो तीन बजेको पक्राउ गरेको हो ।

जुम्लाको चन्दननाथ नगरपालिका -६ रिठुगुनी भन्ने स्थानमा पक्राउ गरिएको जुम्लाका डिएसपी छेदिलाल कामतीले बताए । पक्राउ पर्नेमा जुम्लाको गुठिचौर गाउँपालिका -३ गज्याङकोट गाउँ बस्ने २३ वर्षीया दिपक बुढा हुन् ।

प्रहरीले मंगलबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो। 'लागु औषध (चरेश) बोकी संकास्पद रुपमा हिडिरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय जुम्लाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको उनको भनाइ छ ।

बुढालाई खानतलासी गरि कालो रङको झोलाको बीचको गोजी भित्र सेतो प्लाष्टिकमा बेरी लुकाई राखेको अवस्थामा चरेस भेटिएको थियो ।




आरोपित बुढाको साथबाट एक सय ६१ ग्राम १० मिलिग्राम चरेस फेला परेको कामती बताउँछन् । उनलाई सोमबार १० दिनको म्याद थप गरि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ । जुम्लामा चालु आर्थिक वर्षमा प्रहरीले लागु औषधको १४ वटा मुद्दा दर्ता गरेको छ ।

# सत्ता गठबन्धन छाड्न माधवलाई आफ्नै सांसदहरूको दबाब

**◣युग संवाददाता**
**काठमाडौं, २५ वैशाख ।**

सत्तारुढ दल नेकपा (एकीकृत समाजवादी)का बहुमत सांसदहरूले सत्ता गठबन्धनबाट बाहिर निस्कन पार्टी अध्यक्ष माधवकुमार नेपालाई दबाब दिएका छन् ।

सोमबार संसद् भवन नयाँ बानेश्वरमा बसेको सो पार्टीको संसदीय दलको बैठकमा बोल्ने अधिकांश सांसदहरूले सत्ता गठबन्धनबाट बाहिरिनु नै पार्टी हितको पक्षमा हुने धारणा राख्दै पार्टी अध्यक्ष नेपाललाई यस्तो दबाब दिएका हुन् । बैठकमा बोल्ने केही सांसदले भने यही गठबन्धनलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

झण्डै चार घण्टा लामो बैठकमा पार्टीका सबै सांसदलाई धारणा राख्न समय दिइएको थियो । एकीकृत समाजवादीका प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी १८ सांसद रहेका छन् ।

आफ्नो धारणा राख्ने क्रममा उपाध्यक्ष समेत रहेका राजेन्द्र पाण्डेले अहिलेको सत्ता गठबन्धनमा एक मिनेट पनि बस्न नहुने धारणा राखेका थिए ।

'दलको बैठकमा बोल्ने सांसदहरूमध्ये गठबन्धन छाड्नुपर्छ भन्ने सङ्ख्या बहुमत थियो', पाण्डेले रातोपाटीसँग भने, 'केहीलेमात्र गठबन्धनलाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन् ।'मेटमणी चौधरी, प्रेम आले लगायतका सांसदहरूले पनि पाण्डेको भनाइमा समर्थन जनाएका थिए ।

सांसद आलेले सुदूरपश्चिमका मुख्यमन्त्रीले विश्वासको मत नपाउने अवस्थाप्रति संकेत गर्दै लतारिएर गठबन्धनमा बस्न नहुने धारणा राखेका थिए । सबै सांसदहरूको धारणा सुनेपछि अध्यक्ष नेपालले पनि सत्ता गठबन्धनभित्र विश्वासको वातावरण नभएको निष्कर्ष सुनाएका थिए ।

'सत्ता गठबन्धनभित्र विश्वासिलो व्यवहार भएको छैन । त्यो कुरा व्यवहारबाटै देखिएको छ', अध्यक्ष नेपालले बैठकमा गरेको ब्रिफिङलाई उद्धृत गर्दै एक सांसदले भने, 'सुदूरपश्चिममा मुख्यमन्त्रीलाई विश्वासको मत नदिएर बसिरहेका छन् । उनीहरू धकेलिरहेका छन् । राष्ट्रिय सभाको उपाध्यक्ष दिने भने त्यो पनि दिएनन् । गठबन्धनमा एमालेले आफ्नो फाइदाबाहेक केही हेरेको छैन ।'

एकीकृत समाजवादीको बैठकमा जसपा विभाजनबारे समेत चर्चा भएको थियो । 'जसले जसपा फुटाउने भूमिका खेले केही समयपछि उनीहरूको पार्टी पनि फुट्छ । जसपा विभाजनको बाछिटा अरू पार्टीमा परे बेग्लै कुरा हाम्रो पार्टीमा पर्दैन',उपाध्यक्ष पाण्डेले भने, 'कुनैपनि पार्टी विभाजन हुनु राम्रो होइन ।' केही सांसदले पत्तो नै नपाई जसपा विभाजन भएको र आफ्नो पार्टी समेत विभाजन र समीकरण बदल्ने हल्ला चलेको भन्दै पार्टी एकढिक्का भएको सन्देश दिनुपर्ने बताएका थिए ।

जवाफमा अध्यक्ष नेपालले अर्को समीकरण बनाउन खोजेको र कांग्रेस सभापति देउवा र जसपा अध्यक्ष उपेन्द्र यादवबिच वैकल्पिक समीकरण बनाउन कुनै छलफल नभएको प्रस्टीकरण दिएका थिए ।

## राष्ट्रिय...

सडक अहिले पनि सञ्चालनमा छ ।

संघीय सरकारले चालु आर्थिक वर्षका लागि कर्णाली करिडोर सुधारका लागि ९७ करोड रुपैयाँ छुट्याएको छ । कर्णाली प्रदेश दक्षिणको छिमेकी भारतसँग जोडिएको छैन । त्यसैले पनि उत्तरको छिमेकी चीनसँग स्थलमार्गबाट जोडिनु कर्णालीका लागि महत्वपूर्ण छ । कर्णाली करिडोर सञ्चालनमा आएसँगै हाटभोटको व्यापार पुन सुरु हुनुका साथै मानसरोवर यात्रा गर्नेका लागि यो करिडोर स्थालमार्गबाट सबैभन्दा छोटो र सहज हुनेछ ।

ट्र्याक खोल्ने काम भए पनि सहज सवारी साधन चल्ने सडक बनाउन समय लाग्ने सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए । अध्यक्ष भण्डारीका अनुसार हाल ट्र्याक खोलेको सडकलाई चौडा गर्ने, ग्रेड मिलाउने र पुल निर्माणको काम भइरहेका छन् ।

यो खण्डमा अझैपनि आधा दर्जन बढी जोखिमपूर्ण स्थानमा सडक चौडा पार्न बाँकी रहेको अध्यक्ष भण्डारीले बताए । यी भीर चौडा पार्न र ग्रेड मिलाउने जिम्मा सेनालाई दिने तयारी भइरहेको सडक विभागले जनाएको छ । सेनालाई दिन लागिएको हिल्सातर्फ चार सय मिटरको एल्वाङ र तीन सय ५० मिटरको च्याछर भीर छ ।

त्यस्तै, एक सय मिटरको याङचु खोला नजिकको चट्टान, दुई सय मिटरको भिगौंडा, एक सय ५० मिटरको बोक्चे गौंडा र दुई सय मिटरको दुल्लीकुन्ना भीर चौडा गर्ने जिम्मा सेनालाई दिने गरी तयारी थालिएको छ ।

## न्यायमा...

बेलाबेलामा सरोकारवालाहरुसँग गरिने अन्तरसंवाद आन्तरिक निरीक्षण र समस्या समाधान साथै बार एशोसिएसन र अन्य सरोकारवाला निकायहरुका बिचमा गरिने छलफलका मुख्य विषयका रुपमा न्यायमा सर्वसाधारणको पहुँचलाई केन्द्रविन्दु बनाई आगामी दिनहरुमा केही थप कार्यक्रमहरु संचालन गर्नसकेमा न्याय सम्पादनका क्षेत्रमा थप प्रभावकारीता साथै सुधार हुनसक्ने देखिन्छ । बेलाबेलामा आमने सामने भएको देखिने बार बेन्चको सम्बन्धलाई छलफलका माध्यामबाट समाधान गर्दै न्याय सम्पादनमा महत्वपुर्ण कडिका रुपमा रहेका कानुन व्यवसायी, नेपाल प्रहरी, महान्यायाधिवक्ता अन्तर्गतका सरकारी वकिल न्याय क्षेत्रसँग आवद्ध विभिन्न संघ संस्थाहरुसँगको समन्वय र सहकार्यका साथ न्याय सम्पादनमा देखिएका कमजोरीहरुलाई सुधार गर्दै जाने हो भने सर्वसाधारणले रोजेको र खोजेको न्याय प्रदान गर्न र न्याय प्राप्त गर्नमा सहयोग पुग्नसक्ने अवस्था रहन्छ ।

कानून दिवश मनाउँदा भाषणमा गरिएका न्यायालय सुधार,न्यायमा पहुँचका शब्दहरु ओकलेर नथाक्ने निकायहरु र अधिकारीहरुले व्यवहारीकरुपमा न्याय प्रदानमा महत्वपूर्ण भूमिका खेल्न सकुन् । न्याय प्राप्तिका लागी अदालत धाउँदाधाउँदै पुस्तौं समाप्त भैसकेका र न्याय प्रदान नभएको भन्ने समाचारहरु साँच्चिकै झुट्टा सावित होउन्।न्यायमुर्तिहरुसँग गरिएका भनिएका विभिन्न किसिमका अडियो टेप सहितका समाचारहरु कहिल्यै सत्यमा परिणत नहुन् । कानून व्यवसायी, नेपाल प्रहरी र अदालतका बिचमा रहेको असमझदारीहरु हट्दै जाउन् । सरकारले न्यायपालिकाका क्षेत्रमा गर्नुपर्ने लगानी बढाओस् । जनसाधारणले न्यायालयमा पुग्नेवित्तिकै सरल र सहजरुपमा न्याय प्राप्ति गरेको अनुभूति गर्न सकुन् । कानून दिवशको अवसरमा अनगिन्ति शुभकामना । *(लेखक : सुर्खेतमा सक्रिय अधिवक्ता हुन्)*

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय,**
**मेहेलकुना, सुर्खेत**
**मिति २०८१/०१/२५**

**३५ दिने सार्वजनिक सूचना तथा हकदारको नाँउको सूचना**

सिम्ता गा.पा.वडा नं.०६ सुर्खेत बस्ने सुनिता विष्ट समेतले हाम्रो बाबु शसिलाल अधिकारीका नाँउमा जग्गा दर्ता भएको र निजको मिति २०६६/०३/०९ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको र निज मृततको एकमात्र श्रीमति टिका अधिकारीको समेत मिति २०६६/०८/०३ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको हुदाँ मृतक शसिलाल अधिकारीको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु छोरीहरु जेठी सुनिता विष्ट, माइली यम कुमारी अधिकारी, साइली हिमा खत्री र नातिनी यमुना भण्डारी र यशोदा भण्डारी भएकाले हाम्रो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८१/०१/२४ मा निवेदन भएको यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति २०८१/०९/२५ को आदेश अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक शसिलाल अधिकारीको नामको तपशिलको जग्गा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकहरुकै नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ

**तपशिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध.को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | राकम | १क | १७ | $०-४-३^{१/२}$ | ज.ध.:-शशिलाल अधिकारी<br>बाबुः-करे<br>बाजेः-देउ सिह |
| | | | १क | ८४ | $०-१३-०^{१/४}$ | |
| | | | १क | ११६ | $०-१२-१^{३/४}$ | |
| | | | १क | १२६ | ०-११-२ | |
| | | | १क | १३९ | $२-४-२^{१/२}$ | |
| | | | १ख | २५ | $१-१५-२^{१/२}$ | |
| | | | १घ | ४० | $०-१३-०^{१/४}$ | |
| | | | १घ | ६८ | $०-१२-२^{१/४}$ | |
| | | | ४क | २०४ | $०-६-१^{३/४}$ | |
| | | | ४क | २०६ | $१-६-०^{३/४}$ | |

रजबहादुर मल्ल हत्या प्रकरण :

# अखिल क्रान्तिकारी अध्यक्षसहित ५ जनाविरुद्ध मुद्दा नचलाउने निर्णय

**युग संवाददाता**
**सुर्खेत, २५ वैशाख ।**

कालीकोटका रजबहादुर मल्लको हत्या प्रकरणमा मुछिएकी अखिल क्रान्तिकारीकी अध्यक्ष पञ्चा सिंहसहित ५ जनाविरुद्ध मुद्दा नचलाउने जिल्ला सरकारी वकिल कार्यालयले निर्णय गरेको छ । जिल्ला प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा उनलाई मुद्दा नचलाउने निर्णय भएको हो ।



२०६५ सालमा सुर्खेतको वीरेन्द्रनगरस्थित जननमुना माध्यमिक विद्यालयमा अध्ययनरत कालीकोटस्थित पाखाका १७ वर्षीय रजबहादुर मल्लको विवादका क्रममा मृत्यु भएको थियो ।

जसमा कालीकोटको महावै गाउँपालिकाकी सिंहसहित बालकृष्ण सिंह, टंकबहादुर सिंह, कालीकोटकै खाडाचक्र नगरपालिकाका वीरबहादुर मल्ल र अली कार्कीविरुद्ध मुद्दा नचलाउने निर्णय भएको जिल्ला सरकारी वकिलको कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता प्रेम भण्डारीले बताए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार उनको हत्या आरोपमा ६ जनाविरुद्ध किटानी जाहेरी परेको थियो ।

यो घटनामा संलग्न भएको आरोपमा कालीकोटको महावै गाउँपालिकाका पदमबहादुर रावत पक्राउ परेका थिए । उनीसँग अनुसन्धान गर्ने क्रममा सोही ठाउँका मेहरमान सिंह पनि घटनामा संलग्न भएको भन्दै प्रहरीले पक्राउ गरेको थियो । हत्या प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालयले पक्राउ परेका २ जनाविरुद्ध मात्र मुद्दा चलाउने निर्णय गरेको भण्डारीले जानकारी दिए ।

उनका अनुसार जिल्ला अदालतको आदेशअनुसार पदमबहादुरलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ भने मेहरमानलाई १ लाख ७५ हजार रुपैयाँ धरौटीमा छाडिएको छ । उनी अपांगता भएका व्यक्ति भएकाले धरौटीमा छाडिएको उनले जानकारी दिए ।

उनीहरू २ जनालाई प्रतिवादी बनाएर दर्ता भएको मुद्दामा गत शुक्रबार जिल्ला न्यायाधीश मनोज श्रेष्ठको इजलासले एकलाई कारागार चलान गर्ने र एकलाई धरौटीम छोड्ने निर्णय गरेको हो ।

उनका अनुसार घटनामा संलग्न नभएपछि सिंहसहित ५ जनाविरुद्ध भने मुद्दा नचलाइएको हो । २०६५ सालमा वीरेन्द्रनगरको जननमुना माविमा अध्ययनरत मल्लको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको क्रममा विवाद भएपछि हत्या भएको थियो ।

उनीलाई तत्कालीन माओवादीको जनमुक्ति सेनाको छैठौं डिभिजनमा कार्यरत लडाकु र अखिल क्रान्तिकारीकी अध्यक्ष सिंहले हत्या गरेको भन्दै पीडित परिवारले जाहेरी दिएका थिए ।

त्यसबेला क्रान्तिकारीका सिंहसहित ४५ जना माओवादी कार्यकर्ताहरूले भारतबाट नक्कली शैक्षिक प्रमाणपत्र ल्याएर सुर्खेत क्याम्पसमा अध्ययनका लागि भर्ना भएको आरोप लागेको थियो । त्यो विषयमा मल्लले आवाज उठाएका थिए ।

विरोधपछि उनीहरूको भर्ना रद्द गरिएको थियो । घटनाको केही दिनपछि २०६५ फागुन २६ गते बेलुका झन्डै ८ बजे सुर्खेत बसपार्कमा खाना खाएर आफ्नो कोठातिर जाँदै गरेको बेला खुकुरी प्रहार भएर गम्भीर घाइते भएका रजबहादुरको उपचारका क्रममा वीरेन्द्रनगरस्थित देउती अस्पतालमा मृत्यु भएको थियो ।

## भीरबाट लडेर ७० भेडा मरे, ३१ बेपत्ता

**युग संवाददाता**
**जुम्ला, २५ वैशाख ।**

जुम्लाको तातोपानी गाउँपालिका ७ बारागाउँको थुमलचौरमा भालुले लखेट्दा भीरबाट लडेर ७० भेडा मरेका छन् । स्थानीय मगे रावत र सिउल रावतका ७० भेडा गए राती भीरबाट लडेर मरेको बारागाउँका शिक्षक अमर रावतले जानकारी दिए ।

मगे र सिउल दाजुभाइ हुन् । अस्थायी प्रहरी पोस्ट ताम्ती टोप्लाका अनुसार उनीहरुका एक सय दुई भेडामध्ये भीरबाट लडेर मरेको ७० वटा भेडा भेटिएका छन् । ३१ भेडा बेपत्ता छन् । गोठ रित्तो भएपछि भेडापालक रावत दाजुभाई घरखर्च कसरी धान्ने भन्ने चिन्तामा छन् ।

**बालमैत्री वातावरण बनाऔं**

**बालबालिकालाई:**
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जग्गा विक्रीमा रहेको सूचना**






परिस्थितिले मान्छेलाई दास बनाउँछ । राम्रो भनेको राम्रै हो । सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ । राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो । राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो । राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ । ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला ।

**सम्पर्क नंबर**:– ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान**:– एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।**

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (कार्पेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल
के तपाई **२०८१** सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **प्रधान कार्यालय**: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।